# अन्धा अन्धी सामुदायिक विकास केन्द्र

पुतलीबजार नगरपालिका १, प्रगतिनगर स्याङ्जा

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७६।०८।०५ गते

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत हेल्भेटास नेपालको प्राविधिक सहयोगमा स्याङ्जा जिल्लाका पुतलीबजार, वालिङ गल्याङ नगरपालिका र हरिनास गाउँपालिकामा सञ्चालित सुरक्षित आप्रवासन परियोजना(Safer Migration Program), अन्तरगत समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुऱ्याउनका लागि अन्धा अन्धी सामुदायिक विकास केन्द्र, स्याङ्जालाई निम्नानुसारको जनशक्तिको आवश्यकता रहेको हुनाले अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदहरुका लागि दरखास्त आब्हान गरिएको छ ।

**१. सूचना तथा परामर्शकर्ता २ जना (सुरक्षित आप्रवासन श्रोत केन्दका लागी) (एक जना महिला अनिवार्य)**

**आवश्यक योग्यता तथा अनुभव :** न्यूनतम प्रविणता प्रमाणपत्रतह वा १०+२ उत्तिर्ण गरी मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्वन्धी आधारभूत तालिम लिएको वा परामर्श सम्वन्धी १ वर्षको अनुभव रहेको र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।

उमेरको हद : उमेरको हद : २१ वर्ष देखी ४५ वर्ष सम्मको ।

**२.पद : मनोसामाजिक परामर्शकर्ता ४ जना (प्रत्येक पालिकामा १/१ जना)**

**आवश्यक योग्यता तथा अनुभव :** न्यूनतम प्रविणता प्रमाणपत्रतह वा १०+२ उत्तिर्ण गरी मनोसामाजिक परामर्श कार्यमा २ वर्षको कार्यानुभव वा सो सम्वन्धी आधारभूत तालिम लिएको वा परामर्श सम्वन्धी १ वर्षको अनुभव रहेको र सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।

उमेरको हद : २१ वर्ष देखी ४५ वर्ष सम्मको ।(चार जना परामर्शकर्ता मध्ये कम्तिमा तीन जना महिला हुनु पर्नेछ) ।

**३. पद : बित्तिय साक्षरता सहजकर्ता ४ जना (प्रत्येक पालिकामा १/१ जना)**

**आवश्यक योग्यता तथा अनुभव:** न्यूनतम प्रविणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण, वित्तिय संस्था, सहकारी, उद्यमशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ बर्षको अनुभवभएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।

उमेरको हद : २१ वर्ष देखी ४५ वर्ष सम्म ।(चार जना परामर्शकर्ता मध्ये कम्तिमा तीन जना महिला हुनु पर्नेछ) ।

**४ पद : रिटर्नी स्वयंसेवक, १२ जना (प्रत्येक पालिकामा ३/३ जना)**

**आवश्यक योग्यता तथा अनुभव :** न्यूनतम कक्षा ८ पास गरी वैदेशिक रोजगार (खाडी मुलुक वा मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।

कार्य अवधिः हाललाई १५ जुलाई २०२० सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादनअनुसार नवीकरण हुन सक्ने ।

तलव तथा अन्य सुविधा : कार्यक्रम र संस्थाको नियमानुसार ।

आवश्यक कागजातहरु :
माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले नेपाली नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभवको प्रमाणपत्र हरुको प्रतिलिपि, पासपोट साईजको २ प्रति फोटो, कम्तीमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण सहित आफुले आवेदन गर्न चाहेको कुनै एक पद प्रष्ट रुपमा खुलाएको निवेदन पेश गर्नु पर्नेछ ।

दरखास्त दिने स्थानः
अन्धा अन्धी सामुदायिक विकास केन्द्र पुतलीबजार नगरपालिका १, प्रगतिनगर, स्याङ्जाको कार्यालयमा । निर्धारित समय भन्दा पछि आएका आवेदनहरुको मूल्यांकन गरिने छैन ।

**दरखास्त दस्तुरः रु ५००। लाग्ने छ । रिटर्नी स्वयंसेवक पदका लागि कुनै दस्तुर लाग्ने छैन ।**

**छनौट प्रक्रिया**
प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित, मौखिक तथा प्रस्तुतीकरणको प्रक्रियामा समावेश गरिने छ । संस्थाको निर्णय नै अन्तिम निर्णय हुनेछ । अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवार र सम्वन्धीत पालिकाको स्थानीयवासीलाई प्राथामिकता दिईनेछ ।

**दरखास्त दिने अन्तिम मिति : यो सूचना प्रकासित भएको मितीले पन्ध्र दिनभित्र ।**
सम्पर्क मितिः २०७६।०८।२२

**विस्तृत जानकारीको लागि सम्पर्क ठेगानाः सम्वन्धीत नगरपालिका र गाउँपालिकाको कार्यालय वा अन्धा अन्धी सामुदायिक विकास केद्र, पुतलीबजार नगरपालिका १ प्रगति नगर, स्याङ्जामा सम्पर्क गर्नुहोला । सम्पर्क नं. ०६३-४२०३६०**

अन्धा अन्धी सामुदायिक विकास
स्था.२०४१
स्याङ्जा